**आर्थिक वर्ष २०८२/८३ को बैठक सङ्ख्या ११, मिति: २०८३/०१/१० बसेको कार्यपालिका बैठकको निर्णयहरु**

१. लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्राचार अनुसार आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गतका आयोजना प्रस्तावहरू पेश गर्ने सन्दर्भमा; सन्धिखर्क नगरपालिकाको तर्फबाट ५० (पचास) प्रतिशत लागत साझेदारी (Cost Sharing) व्यहोर्ने सुनिश्चितता प्रदान गर्दै तपसिल बमोजिमका आयोजनाहरू छनोट गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| प्राथमिकता क्रम | आयोजनको नाम | क्षेत्र |
|---|---|---|
| १ | सन्धिखर्क नगरपालिकाभित्रका सामुदायीक कुकुरहरुको व्यवस्थापनको लागी “ सन्धिखर्क Dog रिसोर्ट तथा आश्रयस्थल निर्माण ” | पशु सेवा तथा पशु कल्याण |
| २ | सन्धीखर्क नगरपालिका वडा नं. १ वसपार्क देखि रतहलै हुँदै रुब्दिपुल सम्मको सडक स्तरोन्नती | पुर्वाधार विकास |

२. लुम्बिनी प्रदेश योजना आयोगबाट आ.व. २०८३/८४ का लागि प्रदेश विशेष अनुदानका आयोजना प्रस्ताव पेश गर्ने भनि पत्राचार भएकोमा तपसिलका आयोजना प्रस्ताव गर्ने।

| प्राथमिकता क्रम | आयोजनको नाम | क्षेत्र |
|---|---|---|
| १ | युवा रोजगारीका लागि अकबरे खुर्सानी उत्पादन प्रबर्द्धन कार्यक्रम | कृषि विकास |

३. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार देशभरका विभिन्न करदाता सेवा कार्यालयहरू खारेज भई ती कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरू "करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेको सेवाहरू स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२" बमोजिम सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र उक्त सेवाहरू सञ्चालन तथा आवश्यक व्यवस्थापन गर्न यो नगरपालिका इच्छुक र प्रतिबद्ध रहेकोले सोको कार्यान्वयनका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा सिफारिस गरी पठाउने निर्णय गरियो।

४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम जिल्ला समन्वय समिति, अर्घाखाँचीबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा सन्धिखर्क नगरपालिकाको

आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन गर्दा प्राप्त भएको कुल अङ्कलाई स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो।

५. आर्थिक वर्ष २०८२/८३ का लागि महिला स्वास्थ्य स्वयम्सेविकाहरूको स्वास्थ्य बिमा कार्यक्रम प्रयोजनार्थ विनियोजित बजेट, सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०७/२५ को निर्णयानुसार हालसम्म कार्यान्वयन नगरी रोक्का राखिएकोमा; उक्त रोक्कालाई फुकुवा गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय गरियो।

६. सन्धिखर्क नगरपालिकाको बजार क्षेत्रमा जडान गरिएका सीसीटीभी (CCTV) प्रणालीको अनुगमनलाई थप प्रभावकारी र वस्तुनिष्ठ बनाउन हाल नगरपालिकाको कार्यालयमा रहेका कन्ट्रोलिङ डिभाइस लगायतका उपकरणहरू जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीलाई हस्तान्तरण गरी सोही कार्यालयबाटै सञ्चालन तथा नियन्त्रण (Control & Monitoring) गर्ने र सीसीटीभी क्यामरा तथा समग्र प्रणालीमा भविष्यमा आउने प्राविधिक समस्या वा मर्मत सम्भार (Maintenance) को सम्पूर्ण दायित्व सन्धिखर्क नगरपालिकाले व्यहोर्ने गरी दुई निकायबीच आपसी समझदारी पत्र (MOU) तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

७. स्वास्थ्य मन्त्रालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ९ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि बजेट कार्यान्वयन गर्ने सन्दर्भमा; यसअघि नगर कार्यपालिकाको मिति २०८२/११/१९ को निर्णयले पुरानो जीर्ण भवन भत्काई सोही स्थानमा नयाँ भवन निर्माण गर्ने गरी भएको निर्णयलाई परिमार्जन गर्दै, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८३/०१/०९ को निर्णयानुसार पुरानो भवन भत्काउँदा हाल भइरहेको सेवा प्रवाहमा प्रत्यक्ष असर पुग्ने देखिएकोले, उक्त पुरानो भवनलाई यथावत राखी सोही संस्थाको स्वामित्वमा रहेको खाली जग्गामा नयाँ भवन निर्माण गर्ने गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

८. प्रसिद्ध धार्मिक स्थल सुपादेउराली मन्दिर क्षेत्रमा दर्शनार्थीहरूको निरन्तर बढ्दो चाप, साँघुरो राजमार्ग र व्यवस्थित पार्किङ स्थलको अभावले गर्दा सिर्जित चरम ट्राफिक जाम तथा यात्रुहरूले दैनिक रूपमा भोग्नुपरेको सास्तीलाई मध्यनजर गर्दै; उक्त समस्याको दीर्घकालीन समाधानार्थ सो क्षेत्रमा निर्माण गर्न प्रस्ताव गरिएको 'बहु-तले पार्किङ तथा रिफ्रेस सेन्टर (Multi-story Parking and Refresh Center)' को तयार भएको प्रारम्भिक डिजाइन तथा अध्ययन प्रतिवेदन (Preliminary Design and Study Report) लाई स्वीकृत गर्ने र सो महत्वपूर्ण आयोजना कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटमा आवश्यक रकम विनियोजन गरिदिन संघीय सरकारसमक्ष माग गरी पठाउने निर्णय गरियो।